माई नगरपालिका

# स्थानीय राजपत्र

खण्ड : ४ संख्या ३ राजपत्रमा प्रकाशित मिति : २०७७/११/१४

## भाग -१
## माई नगरपालिका

माई नगरपालिका
शिक्षा ऐन, २०७७

सभाबाट स्वीकृत मिति : २०७७/११/११
प्रमाणिकरण मिति: २०७७/११/११

**प्रस्तावना :**

प्रत्येक नागरिकमा सहिष्णुता, सदाचार, नैतिकता र मानवीय मूल्यको प्रवर्धन गरी संघीय लोकतन्त्रको संस्थागत विकास, मुलुकको समृद्धि र जनहितका लागि स्थानीय, राष्ट्रिय र विश्वव्यापी आवश्यकतामा आधारित प्रतिस्पर्धी जनशक्ति तयार गर्ने, नेपालको संविधानको अनसूची – ८ तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ (२) (ज) मा रहेको शिक्षा क्षेत्रको सञ्चालन, व्यवस्थापन, नियमन तथा कार्यन्वयन गर्ने, स्थानीय तहमा आधारभूत र माध्यमिक तहसम्मको शिक्षालाई प्रभावकारी ढंगले सञ्चालन एवम् व्यवस्थापन गरी शिक्षाको गुणस्तर बृद्धि गर्ने अभिप्रायका लागि र शिक्षा सम्बन्धी प्राप्त जिम्मेवारी पूरा गर्न समेत वाञ्छनीय भएकोले नेपालको संविधानको धारा २२१ को उपधारा (१) र धारा २२६ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ (१) ले दिएको अधिकार

प्रयोग गरी संघीय शिक्षा सम्बन्धी कानून समेतको अधीनमा रही माई नगरपालिकाको नगरसभाले यो "माई नगरपालिकाको शिक्षा ऐन, २०७७" बनाएको छ ।

## परिच्छेद १
## संक्षिप्त नाम र परिभाषा

संक्षिप्त नाम र प्रारम्भ: (१) यस ऐनको नाम "माई नगरपालिकाको शिक्षा ऐन, २०७७" रहेको छ।

(२) यो ऐन माई नगरपालिका क्षेत्र भित्र लागु हुनेछ।

(३) यो ऐन नगर सभाबाट स्वीकृत तथा प्रमाणीकरण भै नगरपालिकाको राजपत्रमा प्रकाशन भएपछि लागू हुनेछ।

**परिभाषा:** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा

१. "संघीय ऐन" भन्नाले संघीय संसदले बनाएको ऐनलाई सम्झनु पर्छ।

२. "संघीय शिक्षा सम्बन्धी कानून" भन्नाले प्रचलित शिक्षा ऐनलाई सम्झनु पर्छ।

३. "प्रदेश शिक्षा सम्बन्धी कानून" भन्नाले प्रदेश सरकारले तयार गरेको शिक्षा ऐन तथा कानूनलाई सम्झनु पर्छ।

४. "स्थानीय सरकार सञ्चालन ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन,२०७४ लाई सम्झनु पर्छ।

५. "ऐन" भन्नाले माई नगरपालिकाको शिक्षा ऐन, २०७७ सम्झनु पर्छ।

६. "नगरपालिका" भन्नाले माई नगरपालिकालाई सम्झनु पर्छ।

७. "नगरसभा" भन्नाले माई नगरपालिकाको नगरसभालाई सम्झनु पर्छ।

८. "कार्यपालिका" भन्नाले माई नगरपालिकाको कार्यपालिकालाई सम्झनु पर्छ।

९. "नगरपालिकाको प्रमुख" भन्नाले माई नगरपालिकाको प्रमुखलाई सम्झनु पर्छ।

१०. "नगरपालिकाको उप-प्रमुख" भन्नाले माई नगरपालिकाको उप-प्रमुखलाई सम्झनु पर्छ।

११. "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले माई नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ।

१२. "सामुदायिक विद्यालय" भन्नाले नेपाल सरकारबाट नियमित रुपमा अनुदान पाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनुपर्छ।

१३. "संस्थागत विद्यालय" भन्नाले नेपाल सरकारबाट नियमित रुपमा अनुदान नपाउने गरी निजी लगानीमा सञ्चालन गर्ने गरी कानून बमोजिम अनुमति प्राप्त गरी स्थापित विद्यालयलाई सम्झनु पर्छ।

१४. "सामुदायिक सिकाइ केन्द्र" भन्नाले समुदाय स्तरमा सञ्चालन गरिने निरन्तर सिकाइ, अध्ययन अनुसन्धान र सीप सिकाइ लगायतका काम गर्ने केन्द्रलाई सम्झनु पर्छ।

१५. "शिक्षा समिति" भन्नाले नगर कार्यपालिकाले गठन गरेको शिक्षा समितिलाई सम्झनु पर्छ।

१६. "शिक्षा शाखा" भन्नाले नगरपालिकामा रहेको शिक्षा हेर्ने शाखा वा एकाइलाई सम्झनु पर्छ।

१७. "शिक्षा अधिकृत" भन्नाले नगरपालिकाको शिक्षा शाखाको प्रमुख वा निजले सम्पादन गर्ने कामकाज गर्न तोकिएको कर्मचारीलाई सम्झनु पर्छ।

१८. "प्रधानाध्यापक" भन्नाले विद्यालयको नेतृत्व वहन गरी व्यवस्थापकीय तथा प्रशासनिक जिम्मेवारी निर्वाह गर्ने विद्यालयको प्रमुख कार्यकारी पदाधिकारीलाई सम्झनु पर्दछ।

१९. "शिक्षक" भन्नाले विद्यालयको अध्यापक सम्झनु पर्छ र सो शब्दले प्रधानाध्यापक वा प्रिन्सिपल र प्रारम्भिक बाल विकास शिक्षक समेतलाई जनाउँछ।

२०. "प्रारम्भिक बाल शिक्षा केन्द्र" भन्नाले तीन वर्ष उमेर पूरा भई पाँच वर्ष उमेर पूरा नगरेका बालबालिकाको लागि कानून बमोजिम खोलिएको प्रारम्भिक बाल शिक्षा तह ( नर्सरी, एल. केजी. र यु.केजी. कक्षा तथा मन्टेसरी) आदि सम्झनु पर्छ।

२१. "आधारभूत शिक्षा" भन्नाले प्रारम्भिक बाल कक्षादेखि कक्षा आठसम्म दिइने शिक्षा सम्झनु पर्छ।

२२. "सामाजिक विकास संयोजक" भन्नाले माई नगरपालिकाको सामाजिक विकास समितिको संयोजकलाई सम्झनु पर्छ।

२३. "माध्यमिक शिक्षा" भन्नाले कक्षा नौ देखि कक्षा बाह्रसम्म दिइने शिक्षा सम्झनु पर्छ।

२४. "प्राविधिक तथा व्यवसायिक शिक्षा" भन्नाले प्राविधिक ज्ञान, सीप तथा विषयवस्तुमा आधारित प्रविधि र व्यवसाय उन्मुख शिक्षा प्रदान गर्न कक्षा नौ देखि कक्षा बाह्र सम्म अध्यापन गराइने शिक्षालाई सम्झनु पर्छ।

२५. "विशेष शिक्षा" भन्नाले दृष्टि बिहीन, बहिरा, अटिज्म, बौद्धिक अपांगता, सुस्त श्रवण वा अत्ति अशक्त शारीरिक अपांगता भएका बालबालिकालाई छुट्टै समूहमा राखी विशेष प्रकार र निश्चित माध्यमबाट दिइने शिक्षा सम्झनु पर्छ।

२६. "माध्यमिक विद्यालय" भन्नाले कक्षा नौ देखि कक्षा बाह्रसम्म पठनपाठन गर्ने विद्यालयलाई सम्झनु पर्छ।

२७. "आधारभूत विद्यालय" भन्नाले प्रारम्भिक बाल विकास देखि कक्षा ८ सम्म पठनपाठन गर्ने विद्यालयलाई सम्झनु पर्छ।

२८. "कोष" भन्नाले विद्यालय सञ्चालनका लागि खडा गरिएको सञ्चित कोषलाई सम्झनु पर्छ।

२९. "कर्मचारी" भन्नाले सामुदायिक विद्यालयमा कार्यरत शिक्षक बाहेकका अन्य कर्मचारी सम्झनु पर्छ।

३०. "निजी विद्यालय शिक्षक" भन्नाले माई नगरपालिका भित्र प्रचलित कानून बमोजिम स्थापना भई सञ्चालित निजी विद्यालयको शिक्षक तथा सो शब्दले प्रिन्सीपल समेतलाई सम्झनु पर्छ।

३१. "व्यवस्थापन समिति" भन्नाले दफा २० र दफा २४ बमोजिम गठन हुने विद्यालय व्यवस्थापन समितिलाई सम्झनु पर्छ।

३२. "अभिभावक" भन्नाले विद्यालयमा अध्ययनरत विद्यार्थीको अभिभावक भनी विद्यालयको अभिलेखमा जनिएको व्यक्ति सम्झनु पर्छ र सो शब्दले विद्यार्थीको बाबु, आमा, बाजे वा बज्यै र त्यस्ता अभिभावक नभएमा विद्यार्थीको हकमा त्यस्ता विद्यार्थीलाई संरक्षकत्व प्रदान गर्ने व्यक्तिलाई समेत जनाउँछ। तर बालवालिका विद्यालय भर्नाको अवस्थामा उल्लेखित नाताका व्यक्ति वा अन्य व्यक्तिले संरक्षकत्व प्रदान गरेकामा पछि संरक्षकत्व परिवर्तन भएमा समयमै सम्बन्धीत संरक्षकत्व ग्रहण गर्ने व्यक्तिले वडा कार्यालयको सिफारिस लिइ आएमा विद्यालयले रेकर्डलाई सोहि अनुसार रेकर्ड अद्यावधिक गर्नुपर्नेछ।

३३. "शुल्क" भन्नाले विद्यालयले नियम बमोजिम विद्यार्थीसँग लिन पाउने शुल्क सम्झनु पर्छ

३४. "शैक्षिक सत्र" भन्नाले विद्यालयमा अध्ययन अध्यापन गराइने वार्षिक अवधि सम्झनु पर्छ। यस सन्दर्भमा वैशाख १ गतेदेखि चैत्र मसान्तसम्मको समयलाई जनाउँदछ।

३५. “परीक्षा समिति” भन्नाले आधारभूत तहको अन्तिम परीक्षा सञ्चालन तथा समन्वय समितिलाई सम्झनु पर्छ।

३६. “तोकिएको वा तोकिए बमोजिम” भन्नाले यस ऐन अन्तर्गत बन्ने नियममा तोकिएको वा लेखिएको व्यवस्था सम्झनु पर्छ।

३७. “अनुमति” भन्नाले नेपाल सरकारले स्थायी स्वीकृति र सहायतता प्रदान गरि नसकेको कुनै तोकिएको ठाउँ वा क्षेत्रमा विद्यालय खोल्न वा कक्षा थप गर्न दिएको अस्थायी स्वीकृतिलाई जनाउँछ।

३८. “स्वीकृति” भन्नाले तोकिए बमोजिमको शर्त पूरा गरेको विद्यालयलाई दिने स्थायी स्वीकृतिलाई जनाउँछ।

३९. “दरबन्दी मिलान” भन्नाले नगरपालिका क्षेत्रभित्रका सामुदायिक विद्यालयमा शिक्षक, कर्मचारीलाई समान पदमा सरुवा गर्ने, काजमा काम लगाउने, दरबन्दी पुनर्वितरण गर्ने कार्यलाई सम्झनु पर्छ।

४०. “वडा अध्यक्ष” भन्नाले माई नगरपालिकाको प्रत्येक वडाका निर्वाचित वडा अध्यक्षलाई सम्झनु पर्छ।

४१. “वडा सदस्य” भन्नाले माई नगरपालिकाको प्रत्येक वडाका निर्वाचित अन्य वडा सदस्यलाई सम्झनु पर्छ।

४२. “वडा शिक्षा समिति” भन्नाले माई नगरपालिकाको वडा कार्यालय अन्तर्गत गठन हुने शिक्षा समितिलाई सम्झनु पर्छ।

४३. “पाठ्यक्रम विकास केन्द्र” भन्नाले संघीय ऐन बमोजिम पाठ्यक्रम निर्माणको लागि जिम्मेवार निकायलाई सम्झनु पर्दछ।

४४. “मन्त्रालय” भन्नाले संघीय तथा प्रादेशिक शिक्षा मन्त्रालय सम्झनु पर्छ।

४५. “शैक्षिक गुठी” भन्नाले विद्यालय सञ्चालन गर्नको लागि कुनै व्यक्ति वा समूहले नाफा नलिने उद्देश्यले स्थापना गरेको सार्वजनिक वा निजी गुठी सम्झनु पर्छ।

४६. “स्रोतव्यक्ति” भन्नाले माध्यमिक तहको स्थायी शिक्षक पदमा पदाधिकार रही विद्यालय सुपरिवेक्षण तथा शैक्षिक प्रशासनका लागि नगर शिक्षा शाखामा काम काज गर्ने गरी तोकिएको पदाधिकारीलाई सम्झनु पर्छ।

४७. “शिक्षक सेवा आयोग” भन्नाले संघीय शिक्षा कानून बमोजिम गठन भएको शिक्षकहरुको स्थायी नियुक्ति सिफारिस आदि गर्ने आयोग सम्झनु पर्छ।

४८. “राष्ट्रिय किताबखाना” भन्नाले संघीय शिक्षा कानून बमोजिम गठन भएको राष्ट्रिय किताखानालाई सम्झनु पर्छ।

४९. “शिक्षक महासंघ” भन्नाले शिक्षकहरुको छाता संगठनलाई जनाउनेछ।

५०. “सामाजिक विकास समिति” भन्नाले माई नगरपालिका नगर कार्यपालिकाले गठन गरेको सामाजिक समितिलाई सम्झनु पर्दछ।

## परिच्छेद २
## शिक्षाको प्रकार, विद्यालयको वर्गीकरण:

**३. विद्यालयको तह** १) विद्यालयको तह २ प्रकारका हुनेछन्

क. आधारभूत तह

ख. माध्यमिक तह

**४. माध्यमिक शिक्षाको प्रकार** (१) माध्यमिक तहको शिक्षाको प्रकार प्रचलित कानून बमोजिम हुनेछन् ।

**५. शिक्षाको माध्यम :** १) विद्यालयमा शिक्षाको माध्यम नेपाली भाषा, अंग्रेजी भाषा वा दुवै भाषा हुनेछन्।

२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा विद्यालयमा शिक्षाको माध्यम देहाय बमोजिम हुन सक्नेछ :

क) जातीय बाहुल्यताका आधारमा आधारभूत तह सम्म मातृ भाषामा शिक्षा दिन सकिनेछ।

ख) गैर नेपाली नागरिकले अध्ययन गर्दा अनिवार्य नेपाली विषयको सट्टा अन्य कुनै भाषाको विषय अध्ययन गर्न सक्नेछन्।

ग) भाषा विषयमा अध्ययन अध्यापन गराउँदा शिक्षाको माध्यम सोही भाषा हुने।

**६. विद्यालयको वर्गीकरण :** विद्यालयको सम्पत्ति र स्रोत साधन लगानीका आधारमा निम्नानुसार वर्गीकरण गरिनेछ।

क. सामुदायिक विद्यालय

ख. संस्थागत विद्यालय

ग. गुठी विद्यालय

## परिच्छेद ३

## विद्यालय खोल्ने अनुमति वा स्वीकृति र विद्यालय गाभ्ने सम्बन्धी व्यवस्था

**७. विद्यालय खोल्ने अनुमति वा स्वीकृति:** १) माई नगरपालिका क्षेत्रभित्र सबै प्रकार र तहका विद्यालय खोल्न, सञ्चालन गर्न, कक्षा थप गर्न अनुमति, स्वीकृति दिन सम्बन्धीत वडा कार्यालयको सिफारिस र माई नगरपालिका नगर शिक्षा समितिको सिफारिस सहित नगर कार्यपालिकामा निवेदन गर्नु पर्नेछ।

२) उपदफा (१) बमोजिम निवेदन परेमा सो निवेदन उपर शिक्षा शाखाबाट आवश्यक जाँचबुझ गर्दा निर्धारित मापदण्ड पूरा भई विद्यालय खोल्न अनुमति दिन मनासिव देखिएमा नगर कार्यपालिकाले अनुमति प्रदान गर्न सक्नेछ।

३) नगर कार्यपालिकाले दफा ७ (१) बमोजिम अनुमति तथा स्वीकृति दिंदा विद्यालय खोल्ने प्रक्रिया, विद्यालयले पालना गर्नुपर्ने शर्त तथा बन्देज राख्नु धरौटी लगायतको व्यवस्था तोकिए बमोजिम हुनेछ।

**८. धरौटी रकमा जम्मा गर्नुपर्ने** (१) सामुदायिक विद्यालय तथा संस्थागत विद्यालय खोली सञ्चालनगर्न र कक्षा तह थप गर्न सुरक्षण वापत देहाय बमोजिमको रकमा धरौटीको रुपमा राख्नु पर्नेछ :

| कक्षा | संस्थागत विद्यालय | सामुदायिक विद्यालय | कैफियत |
|---|---|---|---|
| पूर्व प्राथमिक | रु ५०,००० | ०० | |
| १ देखि ५ | रु १,५०,००० | ०० | |
| १ देखि ८ | रु २,५०,००० | ०० | |
| १ देखि १० | रु ३,५०,००० | १,००,००० | |
| १ देखि १२ | रु ४,५०,००० | ३,००,००० | |

**९. धरौटी रकम जम्मा गरिने:** १) विद्यालयको दफा ८ बमोजिमको धरौटी वापतको रकम स्थानीय वाणिज्य बैंकमा प्रधानाध्यापक र नगरपालिकाका कर्मचारीको संयुक्त दस्तखतमा राख्नु पर्नेछ।

**१०. विद्यालय गाभ्ने, ठाउँसारी गर्ने र नाम परिवर्तन गर्ने:** तोकिएको विद्यालय सञ्चालनको मापदण्ड बमोजिम दुई वा दुई भन्दा बढी विद्यालयलाई एक आपसमा गाभी विद्यालय सञ्चालन गर्न, विद्यालयको ठाउँसारी गर्न र विद्यालयको नाम परिवर्तन गरी नयाँ नाम राख्न तोकिए बमोजिम हुनेछ।

**११. बाल शिक्षा सञ्चालन:** नगरपालिकाको कुनै विद्यालयसँग मिसाएर वा छुट्टै बाल शिक्षा केन्द्रका् स्थापना र सञ्चालन गर्न र थप व्यवस्था गर्न सक्नेछ।

**१२. बालगृह सञ्चालन:** नगरपालिका आफैले वा कुनै व्यक्ति वा संस्थाले बाल गृह सञ्चालन गर्न पाउनेछ। बाल गृह सञ्चलनको लागि आवश्यक प्रक्रिया नगर शिक्षा समितिले तोके बमोजिम हुनेछ।

**१३. सामुदायिक सिकाइ केन्द्र सञ्चालन गर्न सक्ने:** नगरपालिकाले समुदायमा साक्षरता, सीप विकास र निरन्तर सिकाइ समेतको काम गर्न तोकिए बमोजिम सामुदायिक सिकाइ केन्द्र सञ्चालन गर्न सक्नेछ। यस्तो केन्द्रमा सामुदायिक सूचना र प्रविधियुक्त पुस्तकालय र वाचनालय सञ्चालन हुनुपर्नेछ।

## परिच्छेद ४

## प्रमुख प्रशासकीयअधिकृत तथा शिक्षा अधिकृत सम्बन्धी व्यवस्था र काम, कर्तव्य र अधिकार :

### १४. प्रमुख प्रशासकीय अधिकृतको काम कर्तव्य :

सबै सामुदायिक विद्यालयका शिक्षक कर्मचारीको तलब भत्ता सेवा सुविधा समयभित्र वितरण, विद्यालय निरीक्षण तथा सुपरीवेक्षण,आवश्यक निर्देशन गर्ने मुख्य दायित्व

नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृतको हुनेछ । प्रमुख प्रशासकीय अधिकृतको अन्य काम कर्तव्य तोकिए बमोजिम हुनेछ ।

**१५. शिक्षा शाखा प्रमुख (अधिकृत) सम्बन्धी व्यवस्था :** नगरपालिका अन्तर्गत शिक्षा सम्बन्धी कार्यक्रमको व्यवस्थापन गर्न र शैक्षिक प्रशासन सञ्चालन गर्नको लागि एक शिक्षा शाखा रहने छ। जसमा सम्बन्धीत निकायबाट तोकी पठाएको शिक्षा अधिकृत वा सो नभए सो शाखा हेर्न तोकिएको एकजना सम्बन्धीत कर्मचारी रहने छन् ।

**१६. शिक्षा शाखा प्रमुखको काम, कर्तव्य र अधिकार :**

शिक्षा शाखा प्रमुखको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

क) नगर स्तरीय शिक्षा योजना तर्जुमा गरी नगर कार्यपालिकामा पेश गर्ने ।

ख) नगरपालिका तथा नगर शिक्षा समितिबाट शिक्षा तथा शैक्षिक विकासका लागि पारित नीति तथा कार्यक्रमको कार्यान्वयन गर्ने तथा प्राप्त निर्देशन पालना गर्ने ।

ग) विद्यालय तथा शैक्षिक निकायहरुको अनुगमन तथा सुपरिवेक्षण गर्ने, गराउने ।

घ) नगरपालिका, नगर शिक्षा समिति र प्रमुख प्रशासकीय अधिकृतलाई शैक्षिक विकासका लागि आवश्यक सुझाव तथा परामर्श दिने ।

ङ) शिक्षकहरुको कार्य सम्पादन मूल्याङ्कन गर्ने ।

च) नगरपालिका शिक्षा समितिको सदस्य सचिवको भूमिकामा निर्वाह गर्ने ।

छ) शिक्षा शाखा प्रमुखको अन्य काम कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ

**१६. विद्यालय निरीक्षक, स्रोतव्यक्ति तथा अन्य कर्मचारीको काम कर्तव्य:**

विद्यालय निरीक्षक, स्रोतव्यक्ति तथा अन्य कर्मचारीको काम कर्तव्य तोकिए अनुसार हुनेछ ।

## परिच्छेद ५

## शिक्षा सम्बन्धी संरचनागत व्यवस्था

**१७. नगर शिक्षा समिति सम्बन्धी व्यवस्था:** १) माई नगरपालिका क्षेत्रभित्र सञ्चालन हुने विद्यालय तथा शैक्षिक क्षेत्रहरुको रेखदेख, समन्वय, नियमन, अनुगमन र व्यवस्थापन गर्ने कामको लागि नगरपालिकामा देहाय बमोजिमको एक नगर शिक्षा समिति रहनेछ :

क) नगर प्रमुख वा निजले तोकेको कार्यपालिकाको सदस्य - अध्यक्ष

ख) सामाजिक विकास समितिको संयोजक सहित कार्यपालिकाले तोकेको कार्यपालिका सदस्य मध्येबाट एक महिला सहित दुई जना - सदस्य

ग) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

घ) नेपाल शिक्षक महासंघका नगर अध्यक्ष, सो नभए आवद्ध संस्थाहरुले छनौट गरी पठाएको प्रतिनिधि एकजना - सदस्य

ङ) सामुदायिक र संस्थागत / गुठी विद्यालयका प्रधानाध्यापक मध्ये समितिले मनोनित गरेका कम्तिमा एक महिलासहित दुई जना - सदस्य

च) सामुदायिक विद्यालयका विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरु मध्ये शिक्षा समितिले मनोनित गरेको एकजना - सदस्य

ज) नगर शिक्षा अधिकृत अथवा शिक्षा हेर्न तोकिएको व्यक्ति - सदस्य सचिव

२) छलफलका विषय र आवश्यकताका आधारमा सम्बन्धीत क्षेत्रको अनुभव भएका व्यक्तिहरु आमन्त्रण गर्न सकिनेछ ।

३) उपदफा १ बमोजिम मनोनित सदस्यहरुको पदावधि २ वर्षको हुनेछ । मनोनित सदस्यले आफ्नो पद अनुसारको आचरण नगरेको देखिएमा मनोनयन गर्ने पदाधिकारी वा निकायले निजलाई जुनसुकै बखत हटाउन सक्नेछ । तर त्यसरी पदबाट हटाउने अघि निजलाई आफ्नो सफाइ पेश गर्ने मौकाबाट वञ्चित गरिने छैन ।

४) कुनै कारणले समिति गठन हुन नसकेमा अर्को समिति गठन नहुन्जेल सम्म नगरपालिकाको शिक्षा शाखाले समितिको काम कर्तव्य अधिकार प्रयोग गर्नेछ ।

**१८. नगर शिक्षा समितिको काम, कर्तव्य र अधिकार:** १) नगर शिक्षा समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

क) आफ्नो कार्य क्षेत्रभित्रको शैक्षिक योजना तयार गर्ने ।

ख) नगरपालिका क्षेत्रभित्र विद्यालय सञ्चालनका लागि अनुमति, स्वीकृति, विद्यालय सार्ने, गाभ्ने सम्बन्धी नगरपालिकालाई आवश्यक राय प्रदान गर्ने ।

ग) विद्यालयहरुलाई आर्थिक अनुदान सम्बन्धी आवश्यक स्रोतको खोजी गर्ने ।

घ) आफ्नो क्षेत्रभित्र सञ्चालन हुने परीक्षालाई मर्यादित र भयरहित बनाउन सहयोग गर्ने ।

ङ) विद्यालयहरुको लेखा परीक्षकको नियुक्ति र पारिश्रमिक तोक्ने ।

च) नगरपालिका क्षेत्रभित्र स्थापना भएका आफ्नो स्रोतमा सञ्चालित सामुदायिक विद्यालयहरुका शिक्षकको सेवा, सुविधा र शर्तहरु स्वीकृत गर्नका लागि नगरपालिकामा सिफारिस गर्ने ।

छ) नगरपालिका क्षेत्रभित्र स्थापना भएका आफ्नो स्रोतमा सञ्चालित सामुदायिक विद्यालयहरुका शिक्षकको सेवा, सुविधा र शर्तहरु स्वीकृत गर्नका लागि सिफारिस गर्ने ।

ज) विद्यालय व्यवस्थापन समितिलाई आवश्यक निर्देशन दिने, जागरुक र सजग बनाउने ।

झ) शिक्षाको गुणस्तर कायम राख्ने सूचकहरु विकास गर्ने र प्रगति मूल्याङ्कन गर्ने ।

ञ) शैक्षिक गुठीसँग गर्ने सम्झौताका शर्तहरु निर्धारण गर्ने ।

ट) शैक्षिक संस्था र शिक्षासँग आवद्ध शिक्षक कर्मचारीहरुलाई कामको आधारमा आवश्यक प्रोत्साहन सहित पुरस्कार, नसिहत, दण्ड, कारबाही गर्ने गराउने ।

ठ) विशेषज्ञहरुको छनौट गरेर सूची प्रकाशन गर्ने ।

ड) संस्थागत विद्यालय सञ्चालनको मापदण्ड बनाउने, सञ्चालनको अनुमतिको लागि नगरपालिकालाई आवश्यक राय सुझाव प्रदान गर्ने ।

ढ) विद्यालय गाभ्ने, सार्ने नाम परिवर्तन गने तह थप गर्ने, नीति तर्जुमा गरी कार्यपालिकामा पेश गर्ने ।

ण) सामुदायिक सिकाइ केन्द्र स्थापना र सञ्चालन सम्बन्धी नीति तर्जुमा गरी कार्यपालिकामा पेश गर्ने ।

त) संघीय सरकारको कार्यक्रम अनुरुप दिवा खाजा व्यस्थापन गर्ने ।

थ) विद्यालय बाहिर रहेका बालबालिका पहिचान गरी "सबैका लागि शिक्षा" सुनिश्चित हुने प्रबन्ध गर्ने ।

द) विद्यालयमा पठनपाठनको अधिकतम प्रबन्ध हुने गरी शैक्षिक क्यालेण्डर बनाई लागू गर्ने, गराउने ।

ध) शिक्षक तालिम नीति तर्जुमा गरी कार्यपालिकामा पेश गर्ने ।

न) शैक्षिक सूचना प्रणाली स्थापना गरी सबै विद्यार्थी, शिक्षक र शिक्षासँग सम्बन्धीत तथ्याङ्कहरु अद्यावधिक गराउने ।

ऩ) शिक्षामा सबै बालबालिकाको पहुँच, गुणस्तरमा सुधार र संरक्षणका पक्षहरुलाई लागु गर्न आवश्यक नीति, नियम तथा कार्यक्रमहरु सञ्चालन गर्ने ।

प) समितिले गरेका काम कार्वाहीका सम्बन्धमा प्रत्येक चौमासिकको अन्त्यमा प्रतिवेदन तयार गरी कार्यपालिका समक्ष पेश गर्ने ।

फ) विद्यालयको लेखापरीक्षण सम्बन्धमा लेखा परीक्षकले दिएको प्रतिवेदन अनुसार आवश्यक निर्देशन दिने र कार्वाही गर्ने, गराउने ।

ब) विद्यालय बन्द गर्न कार्यपालिका समक्ष सिफारिस गर्ने ।

भ) शिक्षा क्षेत्रसँग सम्बन्धीत सम्पूर्ण गतिविधिहरुको नियमन एवम अनुगमन गर्ने ।

म) शैक्षिक गुणस्तर वृद्धिमा सहयोय पुर्याउन विषय समिति बनाई कार्य गराउने ।

य) तोकिए बमोजिमका अन्य कार्यहरु गर्ने ।

२) शिक्षा समितिको बैठक तथा सञ्चालन कार्यविधि समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

**१९. वडा शिक्षा समिति :** १) नगर शिक्षा समितिले वडा स्तरमा देहाय बमोजिमको वडा शिक्षा समिति गठन गर्न सकिनेछ ।

क) सम्बन्धीत वडाको वडा अध्यक्ष - अध्यक्ष

ख) विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरुमध्ये वडा समितिको सिफारिसमा नगर शिक्षा समितिले मनोनित गरेको एक जना - सदस्य

ग) सामुदायिक र संस्थागत विद्यालयका प्रधानाध्यापक मध्येबाट वडा समितिको सिफारिसमा नगर शिक्षा समितिले मनोनित गरेको दुई जना - सदस्य

घ) सम्बन्धीत वडाको वडा सचिव - सदस्य सचिव

२) उपदफा १ बमोजिम मनोनित सदस्यको पदावधी दुई वर्षको हुनेछ । मनोनित सदस्यले आफ्नो पद अनुसारको आचरण नगरेको देखिएमा मनोनयन गर्ने पदाधिकारी वा निकायले निजलाई जुनसुकै बखत हटाउन सक्नेछ । तर त्यसरी पदबाट हटाउनु अघि निजलाई आफ्नो सफाइ पेश गर्ने मौकाबाट बञ्चित गरिने छैन ।

३) वडा शिक्षा समितिको काम, कर्तव्य, अधिकार र अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद ६

## विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघ सम्बन्धी व्यवस्था

**२०. विद्यालय व्यवस्थापन समिति:** १) सामुदायिक विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नको लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरु रहेको एक विद्यालय **व्यवस्थापन समिति रहनेछ:**

क) अभिभावकहरुले आफू मध्येबाट छानी पठाएका दुईजना महिला सहित चार जना - सदस्य

ख) विद्यालय रहेको सम्बन्धीत वडाको वडाध्यक्ष वा वडासमितिले मनोनित गरेको एक जना - सदस्य

ग) विद्यालयको संस्थापक, स्थानीय बुद्दिजिवी, शिक्षाप्रेमी, चन्दादाताहरु मध्येबाट विद्यालय व्यवस्थापन समितिले मनोनित गरेको एकजना महिला सहित दुई जना - सदस्य

घ) विद्यालयका शिक्षकहरुले आफू मध्येबाट छानी पठाएको एक जना -सदस्य

ङ) विद्यालयको प्रधानाध्यापक -सदस्य सचिव

(पुनश्च: बालक्लवहरुको तर्फबाट १ जना बालक वा बालिकालाई आमन्त्रित सदस्यको रुपमा सहभागिता गराउन सक्नेछ ।)

२) विद्यालय व्यवस्थापन समितिको पहिलो बैठक जेष्ठ सदस्यको अध्यक्षतामा ७ दिनभित्रमा बसी उपदफा (१) को खण्ड (ग) बमोजिमका सदस्यहरु मनोनित गर्ने र जेष्ठ सदस्यको अध्यक्षतामा दोस्रो बैठक २२ दिनभित्र बसी उपदफा (१) को खण्ड (क), (ख) वा (ग) बमोजिमका सदस्यहरु आफू मध्येबाट अध्यक्ष चयन गर्ने ।

३) विद्यालय व्यवस्थापन समितका सदस्यहरुको छनौट भएको मितिले ३० दिन भित्रमा पनि अध्यक्षको छनौट हुन नसकेमा नगर शिक्षा समितिले अध्यक्ष तोक्न सक्ने ।

४) उपदफा (१) बमोजिम छानिएका वा मनोनित अध्यक्ष वा सदस्यको पदावधि तीन वर्षको हुनेछ । त्यस्ता अध्यक्ष वा सदस्यले आफ्नो पद अनुसारको आचरण नगरेको देखिएमा नगर शिक्षा समितिले निजलाई जुनसुकै बखत पदबाट हटाउन सक्नेछ । तर त्यसरी पदबाट हटाउनु अघि वा समिति विघटन गर्नु अघि आफ्नो सफाइ पेश गर्ने मौकाबाट बञ्चित गरिने छैन ।

५) शिक्षा शाखा प्रमुखलाई विद्यालय व्यवस्थापन समितिको बैठकमा पर्यवेक्षकको रुपमा भाग लिन आमन्त्रण गरिनेछ ।

६) विद्यालयलाई शान्ति क्षेत्र र बालमैत्री विद्यालयको रुपमा विकास गर्न तोकिएका सूचकहरु पूरा गर्न र आवश्यक कार्य गर्नु व्यवस्थापन समितिको दायित्व हुनेछ ।

**२१. सामुदायिक विद्यालयको व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार:**

१) सामुदायिक विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

क) विद्यालय सञ्चालनको लागि प्राप्त साधन र स्रोतको परिचालन गर्ने,

ख) विद्यालयको चल, अचल सम्पत्तिको लागत राख्ने, राख्न लगाउने र सुरक्षा गर्ने,
ग) विद्यालयको शैक्षिक, भौतिक तथा आर्थिक तथ्याङ्क र विवरण अद्यावधिक गराई राख्ने,
घ) विद्यालयको वार्षिक बजेट स्वीकृत गर्ने र त्यसको जानकारी नगरपालिकालाई दिने,
ङ) विद्यालयमा शिक्षक, कर्मचारी र विद्यार्थीको पोशाकको कार्यान्वयन गर्ने,
च) नगरपालिकाबाट खटिएको शिक्षकलाई हाजिर गराई काममा लगाउने,
छ) नगर शिक्षा समितिबाट तोकिएको लेखा परीक्षकबाट विद्यालयको वार्षिक लेखापरीक्षण गाउने,
ज) लेखा परीक्षकको प्रतिवेदन अनुसार आवश्यक भएमा तत्काल आवश्यक कारबाही गर्ने र त्यसको प्रतिवेदन नगर शिक्षा समितिमा पेश गर्ने,
झ) तोकिए बमोजिमका क्षेत्रसँग सम्बन्धीत नगरपालिका र नगर शिक्षा समितिले दिएको निर्देशनहरुको पालना गर्ने,
ञ) प्रचलित कानून र नियम पालना नगर्ने शिक्षक कर्मचारीलाई विभागीय कारबाहीका लागि सिफारिस गर्ने,
ट) विद्यालयको आन्तरिक श्रोतबाट खर्च व्यहोर्ने गरी नियुक्त गरेका शिक्षकको लागि सेवा, शर्त र सुविधा तोक्ने र तोकिए बमोजिमको पारिश्रमिक तथा सुविधाको व्यवस्था गर्ने,
ठ) विद्यालय शिक्षा एकै समयमा सञ्चालन गर्ने प्रबन्ध मिलाउने,
ड) तोकिए बमोजिमका अन्य कार्य गर्ने ।

२) विद्यालय व्यवस्थापन समितिले आफ्नो बैठक सम्बन्धी कार्यविधि आफै बनाउन सक्नेछ ।

**२२. शिक्षक अभिभावक संघ :** माई नगरपालिका क्षेत्रका प्रत्येक विद्यालयमा शिक्षक र अभिभावकहरु रहेको तोकिए बमोजिमको एक शिक्षक अविभावक संघ रहनेछ ।

## परिच्छेद ७

## संस्थागत विद्यालयको अनुमति, मापदण्ड निर्धारण, अनुगमन, मुल्यांकन र नियमन सम्बन्धी व्यवस्था

**२३. अनुमति लिनुपर्ने :** संस्थागत विद्यालय सञ्चालन गर्न तोकिए बमोजिमका शर्त पूरा गरी नगरपालिकाबाट अनुमति लिनुपर्नेछ ।

**२४. संस्थागत विद्यालयको व्यवस्थापन समिति :** १) संस्थागत विद्यालयको सञ्चालन रेखदेख र व्यवस्थापन गर्नका लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरु रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछ :

क) विद्यालयका संस्थापक वा लगानीकर्ताहरु मध्येबाट संस्थागत विद्यालयको सिफारिसमा नगर शिक्षा समितिबाट मनोनित - अध्यक्ष
ख) अभिभावकहरु मध्येबाट कम्तीमा एक जना महिला सहित विद्यालय व्यवस्थापन समितिले मनोनित गरेका दुई जना - सदस्य

ग) स्थानीय शिक्षाप्रेमी वा समाजसेवीहरु मध्येबाट नगर शिक्षा समितिले मनोनित गरी पठाएको एक जना - सदस्य

घ) सम्बन्धीत वडा समितिले तोकेको वडा सदस्य एकजना - सदस्य

ङ) सम्बन्धीत विद्यालयका शिक्षकहरुले आफूहरु मध्येबाट छानी पठाएको १ जना - सदस्य

च) विद्यालयको प्रधानाध्यापक - सदस्य सचिव

२) समितिका पदाधिकारीहरुको पदावधि तीन वर्षको हुनेछ ।

**२५. संस्थागत विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार :**

१) संस्थागत विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

क) विद्यालय सञ्चालनको लागि प्राप्त साधन र स्रोतको परिचालन गर्ने,

ख) विद्यालयको लागि आवश्यक भौतिक साधनको व्यवस्था गर्ने,

ग) विद्यालयको चल, अचल सम्पत्तिको सुरक्षा र संरक्षण गर्ने,

घ) नेपाल सरकार र नगरपालिकाले तोके बमोजिमको पाठ्यक्रम तथा पाठ्यपुस्तक लागु गर्ने गराउने ,

ङ) प्रचलित कानून बमोजिम योग्यता पूरा गरेका व्यक्तिलाई शिक्षक पदमा नियुक्ति गर्ने,

च) शिक्षक तथा कर्मचारीको न्यूनतम् तलव, सेवा सुविधा तोक्ने,

छ) अनुशासन पालना नगर्ने शिक्षक उपर कार्वाही गर्ने,

ज) कानुनी व्यवस्थाका अतिरिक्त नगरपालिकाबाट जारी शिक्षा क्षेत्रसँग सम्बन्धित सबै नीति, नियम तथा निर्देशनहरुको पालना गर्ने,

२) शैक्षिक गुठी अन्तर्गत सञ्चालन भएका विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**२६. संस्थागत विद्यालयले छात्रवृत्ति उपलब्ध गराउनु पर्ने :** १) संस्थागत विद्यालयले विद्यालयमा भर्ना भएका कूल विद्यार्थी संख्याको कम्तीमा १० प्रतिशतमा नघट्ने गरी तोकिए बमोजिम आर्थिक रुपमा विपन्न, अपांगता भएकाहरु, महिला, दलित विद्यार्थीहरुलाई छात्रवृत्ति उपलब्ध गराउनु पर्नेछ ।

२) छात्रवृत्ति वितरणको यथार्थ जानकारी सम्बन्धीत वडा समिति र नगरपालिका शिक्षा शाखा समक्ष बुझाउनु पर्नेछ ।

३) छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीहरुको छनौटको लागि आधार, शर्त र प्रक्रिया विद्यालय व्यवस्थापन समितिबाट स्वीकृत गराई सार्वजनिक समेत गर्नु पर्नेछ र समितिले छात्रवृत्तिको लागि छनौटको नतिजा आधार सहित सार्वजनिक गर्नु पर्नेछ ।

**२७. शिक्षकको न्यूनतम् पारिश्रमिक र पूर्वाधारको मापदण्ड तोक्ने :** नगर शिक्षा समितिले संस्थागत विद्यालयका शिक्षकहरुको न्यूनतम् पारिश्रमिक र न्यूनतम् पूर्वाधारको मापदण्ड तोक्न सक्नेछ ।

**२८. अनुगमन तथा मूल्याङ्कन :** १) संस्थागत विद्यालयको गुणस्तर कायम राख्न नगरपालिका वा नगर शिक्षा समितिले जुनसुकै समयमा अनुगमन गर्न, निर्देशन दिन सक्नेछ।

२) उपदफा(१) बमोजिम प्राप्त निर्देशन कार्यान्वयन गर्नु संस्थागत विद्यालयको अनिवार्य दायित्व हुनेछ।

**२९. अनुमति रद्द गर्ने :** १) कुनै संस्थागत विद्यालयले कानून विपरीत कार्य गरेमा नगरपालिकाले त्यस्तो विद्यालयलाई प्रदान गरिएको अनुमति रद्द गर्न सक्नेछ।

२) अनुमति वा स्वीकृति रद्द गर्नु अघि सम्बन्धीत विद्यालयलाई आफ्नो सफाई पेश गर्ने मौकाबाट बञ्चित गरिने छैन।

## परिच्छेद ८

## पाठ्यक्रम, परीक्षा सञ्चालन र समन्वय तथा प्रारम्भिक बाल विकास शिक्षा

**३०. पाठ्यक्रम** : १) माई नगरपालिका क्षेत्रभित्र सञ्चालित सबै तह र प्रकारका विद्यालयमा संघीय तथा प्रदेश सरकारद्वारा स्वीकृत पाठ्यक्रम बमोजिम मात्र पठनपाठन गर्नु पर्नेछ।

२) संघीय तथा प्रदेश सरकारले स्वीकृत गरेका पाठ्यक्रम बाहेक नगरपालिकाले स्थानीय आवश्यक्ताका आधारमा तय गरेका र नगरपालिकाद्वारा स्वीकृत अतिरिक्त पाठ्यक्रम तथा थप पाठ्य सामग्री समेत अध्यापन गराउन सकिने छ।

३) विद्यालयलाई आवश्यक पर्ने पाठ्यपुस्तकहरुको संख्या सम्बन्धीत विद्यालयले तोकिएको समय सीमाभित्र नगर शिक्षा समितिमा माग गर्नुपर्नेछ।

४) नगर शिक्षा समितिले शैक्षिक सत्र शुरु हुनु अगावै सम्बन्धीत विद्यालयहरुलाई पाठ्यपुस्तकको प्रबन्ध गराउनु पर्नेछ।

५) आधारभूत तहसम्मको शिक्षाका लागि स्थानीय आवश्यकतामा आधारित १०० पूर्णांक बराबरको स्थानीय थप विषयको स्थानीय पाठ्यक्रम प्रयोगमा ल्याउन सक्नेछ। यसको लागि नगरपालिकाको स्वीकृति प्राप्त गरे पश्चात नगर शिक्षा समितिले निर्णय गरी लागू गर्न सक्नेछ।

६) हरेक विद्यालयमा शैक्षिक स्तरको न्यूनतम् मापदण्ड तोकी शिक्षक विद्यार्थी अभिभावकको सहकार्यमा आधारित पाठ्य सामग्री, थप स्वाध्ययन सामग्री, पुस्तकालय, मनोविमर्श , अभिभावक शिक्षाको प्रबन्ध हुनु पर्नेछ।

**३१. परीक्षा सञ्चालन तथा समन्वय समिति:** १) नगरपालिका क्षेत्रभित्र पर्ने विद्यालयहरुमा परीक्षा सञ्चालन तथा समन्वयका लागि तोकिए बमोजिमको परीक्षा सञ्चालन तथा समन्वय समिति रहनेछ।

२) माध्यमिक तह उत्तीर्ण परीक्षा (एस.ई.ई.) तथा कक्षा ११ र १२ को परीक्षा सञ्चालन गर्न सम्बन्धीत निकायबाट भएको व्यवस्था बमोजिम समितिले सहजीकरण र समन्वय गर्नेछ।

३) परीक्षा सञ्चालन तथा समन्वय समितिको वैठक सम्बन्धी कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

४) उपदफा १ मा जुनसुकै कुरा लेखिएको भएता पनि आधारभूत तह (कक्षा ८) को उत्तीर्ण परीक्षा सञ्चालन तथा व्यवस्थापनका लागि तोकिए बमोजिमको समिति रहनेछ।

**३२. प्रारम्भिक बाल विकाश केन्द्र :** १) माइ नगरपालिका क्षेत्रमा आवश्यकता र औचित्यका आधारमा प्रारम्भिक बाल विकास केन्द्र स्थापना गर्ने प्रक्रिया , आवश्यक पूर्वाधार समेत तोके बमोजिम हुनेछ।

२) उपदफा (१) बमोजिम स्थापना भई सञ्चालित प्रारम्भिक बाल विकास शिक्षा केन्द्रले स्वीकृत पाठ्यक्रम प्रयोग गर्नुपर्नेछ।

३) प्रत्येक सामुदायिक विद्यालयमा प्रारम्भिक बाल विकास शिक्षा केन्द्र स्थापना र सञ्चालनको अवधारण बमोजिम प्रारम्भिक बाल विकास केन्द्र स्थापना र सञ्चालन गर्नुपर्नेछ।

४) प्रारम्भिक बाल विकाशका शिक्षक (स.का.) को कार्यपालिकाले सेवा सुविधा थप गर्न सक्नेछ।

## परिच्छेद ९

## विद्यार्थी संख्या, भर्ना र कक्षा चढाउने व्यवस्था,विद्यार्थी भर्ना गराउने समय, शैक्षिक सत्र र विद्यालय विदा

**३३. विद्यार्थी संख्या :** १) प्रत्येक विद्यालयको प्रत्येक तह र कक्षाहरुमा विद्यार्थी संख्या प्रचलित कानूनले तोके बमोजिम हुनेछ।

२) शिक्षक अनुपात बारे संघीय तथा प्रादेशिक कानूनले निर्धारण गरेको मापदण्ड नै अन्तिम हुनेछ।

**३४. विद्यार्थी भर्ना गराउने समय** : १) माइ नगरपालिका क्षेत्रभित्र सञ्चालित विद्यालयहरुमा विद्यार्थी भर्ना सम्बन्धी व्यवस्था, विद्यालय भर्ना नभई अध्ययन गर्ने व्यक्तिको परीक्षा स्थानान्तरण प्रमाणपत्र, स्तरवृद्धिको लागि भर्ना हुन चाहने विद्यार्थी, वार्षिक परीक्षा नदिई विद्यार्थी कक्षा चढाउने, तथा कक्षा चढाउने सम्बन्धी अन्य व्यवस्था तोके बमोजिम हुनेछ।

२) विद्यालयमा भर्ना गर्ने समय र काम गर्ने दिन समय तोके बमोजिम हुनेछ।

**३५. शैक्षिक सत्र :** १) विद्यालयको शैक्षिक सत्र प्रत्येक वर्षको वैशाख १ गतेदेखि प्रारम्भ भई चैत्र मसान्तसम्म कायम हुनेछ।

२) उपदफा (१) मा जुन सुकै कुरा उल्लेख भएतापनि कक्षा ११ र १२ को हकमा शैक्षिक सत्र अर्को व्यवस्था नभएसम्म हरेक सालको साउन महिनाबाट सुरु हुनेछ।

**३६. विद्यालय विदा :** १) कुनै पनि विद्यालयले तोकेको विदा बाहेक विद्यालय बन्द गर्न हुदैन।

२) उपदफा (१) बमोजिमको व्यवस्था उल्लंघन गर्ने विद्यालयका प्रधानाध्यापक तथा शिक्षकलाई गयल गरी अनुशासनको कारबाही गर्न सकिनेछ।

३) विद्यालयमा दिइने हिउँदे, वर्षे र अन्य विदा तोके बमोजिम हुनेछ।

## परिच्छेद १०

## विद्यालय तहको शिक्षक तथा कर्मचारीको दरवन्दी, सेवाशर्त र योग्यता

**३७. नगरपालिकाको शिक्षा समितिले शिक्षकको दरवन्दी निर्धारण गर्ने :**

१) नगरपालिका क्षेत्रभित्र रहेका सामुदायिक विद्यालयहरुमा आवश्यक पर्ने शिक्षकहरुको दरवन्दी र योग्यता आदि सम्बन्धी मापदण्ड नगर शिक्षा समितिले निर्धारण गरी नगरपालिकामा पेस गर्नेछ।

२) नगरपालिकाको शिक्षा समितिले शिक्षकको दरवन्दी निर्धारण गर्दा प्रत्येक विद्यालयमा नियमित अध्ययन गर्ने विद्यार्थी संख्या र विषयका आधारमा संघीय वा प्रादेशिक मापदण्ड बमोजिम विद्यार्थी तथा शिक्षक अनुपात कायम गर्नु पर्नेछ।

३) उपदफा (१) बमोजिमका दरवन्दीमा नियुक्ति भएका शिक्षकको व्यक्तिगत सक्षमता सम्बन्धी व्यवस्था संघीय तथा नगर शिक्षा कार्यालयमा राख्नु पर्नेछ।

**३८. शिक्षकको सेवा शर्त,योग्यता र सक्षमता : १.** शिक्षकको सेवा शर्त, योग्यता र सक्षमता सम्बन्धी व्यवस्था संघीय तथा प्रदेश कानूनको आधारमा तोकिए बमोजिम हुनेछ।

**३९. शिक्षक तथा कर्मचारीको पदीय आचरण तथा अन्य व्यवस्था:** १) देहायका अवस्थामा शिक्षक वा कर्मचारीलाई विद्यालयको व्यवस्थापन समितिले कार्वाहीको लागि नगरपालिकाको शिक्षा समितिमा सिफारिस गर्न सक्नेछ।

क) विना सूचना लगातार पन्ध्र दिनभन्दा बढी समय विद्यालयम अनुपस्थित रहेमा,
ख) मादक पदार्थ सेवन गरी विद्यालय आएको कुरा प्रमाणित भएमा,
ग) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा अदालतबाट सजाय पाएमा,
घ) सामुदायिक विद्यालयका शिक्षक वा कर्मचारीले कार्यालय समयमा अन्यत्र अध्यापन वा काम गरेमा,
ङ) निजले अध्यापन गरेको विषयमा लगातार तीन वर्षको औषत शैक्षिक उपलब्धी ४० प्रतिशत भन्दा कम भएमा
च) अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

## परिच्छेद ११

## शिक्षक तथा विद्यालय कर्मचारीको नियुक्ति, सरुवा, बढुवा, तालिम

**४०. शिक्षकको नियुक्ति :** १) विद्यालयले आफ्नो श्रोतबाट नियुक्त गर्ने शिक्षक तथा कर्मचारी बाहेक अन्य रिक्त राहत, करार र अनुदान कोटाको दरबन्दीमा शिक्षक तथा कर्मचारी नियुक्ति गर्न देहाय बमोजिमको शिक्षक छनौट समितिबाट हुनेछ :

क) सम्बन्धित विद्यालयको विद्यालय व्यवस्थापन समितिको अध्यक्ष वा निजले तोकेको व्यक्ति - संयोजक
ख) शिक्षा शाखाको प्रमुख वा निजले तोकेको कर्मचारी - सदस्य
ग) शिक्षा शाखाको समन्वयमा समितिले छनौट गरेको दुई जना विषय विज्ञ - सदस्य
घ) सम्बन्धित विद्यालयको प्रधानाध्यापक - सदस्य सचिव

२) नगरपालिकाले तोकेको प्रतिनिधि पर्यवेक्षकका रुपमा विद्यालयले परीक्षामा आमन्त्रण गर्नुपर्ने छ।

३) समितिको आफ्नो कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

**४१. प्रधानाध्यापक सम्बन्धी व्यवस्था :** १) सामुदायिक विद्यालयमा एक प्रधानाध्यापक रहनेछ।

२) प्रधानाध्यापकको नियुक्ति र काम कर्तव्य सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

**४२. सहायक प्रधानाध्यापक नियुक्ति :** १) माध्यमिक तहको विद्यालयमा प्रधानाध्यापकलाई सहयोग पुर्याउन सोही विद्यालयका शिक्षकहरु मध्येबाट बरिष्ठता र आवश्यकताका आधारमा सहायक प्रधानाध्यापक पदमा विद्यालय व्यवस्थापन समितिले नियुक्त गर्न सक्नेछ।

२) उपदफा (१) बमोजिम नियुक्त सहायक प्रधानाध्यापकको पदावधि, सुविधा, काम, कर्तव्य र अधिकार व्यवस्थापन समितिले तोके अनुसार हुनेछ।

**४३. विद्यालय कर्मचारी सम्बन्धी व्यवस्था** : १. विद्यालयलाई आवश्यक पर्ने कर्मचारी तोकिए बमोजिमको प्रक्रिया पूरा गरी नियुक्ति गर्न सकिनेछ। यसका लागि शिक्षक छनौट समितिले काम गर्नेछ।

२. सामुदायिक विद्यालयमा संघीय तथा प्रदेश कानुनको आधारमा कर्मचारीको व्यवस्था हुने छ। त्यस्ता कर्मचारीहरुको सेवा सर्त र सुविधा नगरपालिकाले थप गर्न सक्नेछ।

**४४. शिक्षकको सरुवा** : १) आवश्यकता अनुसार नगर शिक्षा समितिले नगर क्षेत्र भित्रका एक सामुदायिक विद्यालयबाट अर्को सामुदायिक विद्यालयमा शिक्षक तथा कर्मचारीको सरुवा सहमतिको आधारमा गर्न सक्नेछ। सो प्रयोजनका निम्ति आवश्यकता अनुसार नगर शिक्षा समितिले सम्बन्धीत विद्यालयको व्यवस्थापन समितिसँग आवश्यक राय परामर्श गर्न सक्नेछ।

२) शिक्षकको सरुवा सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

**४५. दरवन्दी मिलान :** १) शिक्षा समितिले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ (२) (ज) बमोजिम विद्यालयमा तहगत, कक्षागत तथा विषयगत र शिक्षक विद्यार्थी अनुपातका आधारमा बढी दरवन्दी भएको विद्यालयबाट कम दरबन्दी भएको विद्यालयमा शिक्षक दरवन्दी मिलान तथा व्यवस्थापनका लागि कार्यपालिका समक्ष सिफारिस गर्न सक्ने छ। सो सम्बन्धमा कार्यपालिकाले आवश्यक निर्णय गरी कार्यन्वयन गर्न सक्नेछ।

२) उपदफा (१) बमोजिम दरबन्दी मिलान गर्दा शिक्षक संख्या कम भएका विद्यालय, भौगोलिक रुपमा बिकट, पिछडिएको र ग्रामीण क्षेत्रलाई प्राथमिकता दिनु पर्नेछ।

३) उपदफा (२) बमोजिम दरबन्दी मिलान गर्दा उक्त दरवन्दीमा कार्यरत शिक्षक समेत दरवन्दी मिलान भएको विद्यालयमा सरुवा भई जानु पर्नेछ।

**४६. शिक्षकको बढुवा सम्बन्धी व्यवस्था :**१) हाल स्थायी रुपमा सेवारत शिक्षकको बढुवा सम्बन्धी व्यवस्था नेपाल सरकारबाट लागू भएको संघीय कानून बमोजिम हुनेछ तर स्थानीय तहबाट नियुक्ति पाएका करार शिक्षकहरुको बढुवा हुनेछैन्।

**४७. शिक्षक कर्मचारीको विदा :** १) शिक्षक कर्मचारीले पाउने विदा अधिकार नभई सहुलियत मात्र हुनेछ।

२) शिक्षक कर्मचारीले पाउने, सबै प्रकारको विदा नेपाल सरकार र प्रचलित कानूनका साथै तोकिए बमोजिम मात्र हुनेछ ।

३) शिक्षक कर्मचारीले पाउने विदाको विवरण, सेवाभित्र पाउने विदा, सञ्चित हुने, सञ्चित नहुने विदा, विदा स्वीकृत गर्नुपर्ने व्यवस्था प्रचलित कानूनका साथै तोकिए बमोजिम हुनेछ ।

**४८. शिक्षकलाई अन्य काममा लगाउन नहुने :** १) सामुदायिक विद्यालयको शिक्षकलाई शिक्षा प्रदान गर्ने वा विद्यालय प्रशासन सम्बन्धी काममा बाहेक अन्य काममा लगाउन हुँदैन ।

२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि विद्यालयको पठनपाठनमा बाधा नपर्ने गरी राष्ट्रिय जनगणना, निर्वाचन सम्बन्धी काम, दैवी प्रकोप उद्धार वा नेपाल सरकार, प्रदेश सरकार र नगरपालिकाले तोकेको अन्य कुनै काममा खटाउन सकिनेछ ।

**४९.विद्यालय कार्यसम्पादन मूल्याङ्कन सूचकाङ्क निर्धारण गर्न सकिने :** १) माइ नगरपालिका क्षेत्रभित्रको शिक्षा क्षेत्रलाई प्रभावकारी र गुणस्तर वृद्धि गर्न नगरपालिकाको शिक्षा समितिले विद्यालय कार्य सम्पादन मूल्याङ्कन सूचकाङ्क शिक्षक तथा कर्मचारी मूल्याङ्कन सूचकाङ्क तोकिए बमोजिम तयार गरी लागू गर्नेछ ।

**५०.कार्य सम्पादन मूल्याङ्कन र सजाय तथा पुरस्कार :** १) विद्यालय, शिक्षक तथा कर्मचारीहरुलाई कार्य सम्पादन मूल्याङ्कन तथा सूचकाङ्कका आधारमा नगर शिक्षा समितिले राम्रो नतिजा हासिल गर्ने विद्यालय, शिक्षक तथा कर्मचारीहरुलाई पुरस्कृत गर्न र कमजोर नतिजा हासिल गर्ने विद्यालय, शिक्षक तथा कर्मचारीहरुलाई  सजाय गर्न सक्नेछ ।

२) कार्यसम्पादन सूचंकहरु तयार गर्दा सिर्जनशीलता, परिवर्तनशीलताको विकास हुने प्रकारका सूचकहरु निर्धारण गर्नु पर्नेछ ।

३) कार्यसम्पादनको मूल्याङ्कन, पुरस्कार र सजाय नियमावली नबने सम्म नगर शिक्षा समितिले तोके बमोजिम हुनेछ ।

## परिच्छेद १२

## सामुदायिक विद्यालयको भौतिक पूर्वाधार निर्माण, मर्मत सम्भार, सञ्चालन र व्यवस्थापन

**५१. विद्यालयको भौतिक तथा शैक्षिक पूर्वाधारको मापदण्ड निर्धारण :** १) विद्यालयमा विद्यार्थी संख्या अनुसार कक्षाकोठा, खेल मैदान कम्पाउण्ड, घेराबारा, बालमैत्री बसाइ व्यवस्था, वातावरणमैत्री हाता, करेसाबारी, फूलबारी, स्वच्छ पिउने पानी, छात्र छात्राका लागि अलग अलग शौचालय तथा सिकाइ मैत्री वातावरण हुनुपर्नेछ ।

२) विद्यालयको स्तरअनुसार भौतिक तथा शैक्षिक पूर्वाधारको मापदण्ड तोकिए बमोजिम हुनेछ ।

३) प्राविधिक तथा व्यवसायिक शिक्षा प्रदान गर्ने विद्यालय तथा विज्ञान मूल विषय पठनपाठन हुने विद्यालयमा प्रयोगशाला तथा प्रयोगात्मक अभ्यासको थप सुविधा हुनुपर्नेछ ।

**५२. विद्यालयको सम्पत्ति :** १) सामुदायिक विद्यालयको हक भोगमा रहेको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ ।

२) यस ऐन बमोजिम अनुमति वा स्वीकृति रद्द गरिएको वा कुनै विद्यालयमा गाभिएको सामुदायिक विद्यालयको सम्पत्ति नगरपालिकाले अन्य विद्यालयको काममा प्रयोगमा नआउने भएमा प्रचलित कानून बमोजिम हुनेछ।

३) शैक्षिक गुठी अन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोही विद्यालयको नाममा रहने छ।

४) कुनै विद्यालय सार्वजनिक शैक्षिक गुठीको रुपमा सञ्चालन गरिएकोमा त्यस्तो विद्यालयका सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ र त्यस्तो सम्पत्तिको स्वरुप परिवर्तन गर्न पाइने छैन।

५) कम्पनी ऐन अन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोही कम्पनीको नाममा रहनेछ।

६) संस्थागत विद्यालयले कुनै व्यक्ति वा संघ संस्थासँग दान दातव्यको रुपमा कुनै किसिमको चल, अचल सम्पत्ति प्राप्त गर्नु अघि नगरपालिकाको अनुमति लिनु पर्नेछ।

**५३.सामुदायिक विद्यालयको जग्गाको स्वामित्व, सम्पत्तिको अभिलेख, संरक्षण र व्यवस्थापन :**१) सामुदायिक विद्यालयको जग्गाको स्वमित्व सो विद्यालयकै नाममा रहनेछ।

२) विद्यालय बन्द, खारेज वा अन्यत्र गाभिइ विद्यालयको काममा प्रयोग नहुने भएमा नगरपालिकाले कानून बमोजिम भोग चलन गर्न सक्नेछ।

३) विद्यालयको सम्पत्तिको अभिलेख दुरुस्त राख्ने, संरक्षण तथा व्यवस्थापन गर्ने दायित्व सो विद्यालयको व्यवस्थापन समितिको रहने छ।

४) सामुदायिक विद्यालयको जग्गाको संरक्षण र व्यवस्थापन गर्ने कर्तव्य नगरपालिका र नेपाल सरकारको रहनेछ।

**५४. अतिरिक्त शैक्षिक क्रियाकलापको सञ्चालन :** विद्यालयले पाठ्यक्रममा आधारित सिकाइमा सहजता ल्याउन अतिरिक्त शैक्षिक क्रियाकलापहरु, बालक्लव तथा वातावरणमैत्री क्लवहरु गठन, परियोजना कार्य, अध्ययन भ्रमण, पोषण शिक्षा, खेलकुद प्रतियोगिता, साहित्यिक तथा प्रतिभाशाली क्रियाकलापहरु सञ्चालन गर्न सक्नेछ।

## परिच्छेद १३

## विद्यालय कोष, विद्यालयलाई दिइने अनुदान, लेखा व्यवस्थापन र शुल्क नियमन

**५५. विद्यालय कोष :** १) प्रत्येक विद्यालयमा एउटा विद्यालय विकास कोष रहने छ।

२) उपदफा (१) बमोजिमको कोषमा देहाय बमोजिमका रकम रहन सक्नेछ।

क) नेपाल सरकार, प्रादेशिक सरकार र नगरपालिकाबाट प्राप्त अनुदान,

ख) शुल्क तथा सहयोगबाट प्राप्त रकम,

ग) चन्दा वा दान दातव्यबाट प्राप्त रकम, र

घ) अन्य स्रोतबाट प्राप्त रकम।

**५६. अनुदानको व्यवस्था :** १) यो ऐन प्रारम्भ हुँदाका बखत दिँदै आएको अनुदान रकमा कटौती नहुने गरि  नगरपालिकाले आवश्यकता र औचित्यताका आधारमा सामुदायिक विद्यालयलाई अनुदान दिनेछ।

२) कुनै विद्यालयले तोकिएको शैक्षिक स्तर कायम गर्न नसकेमा त्यस्ता विद्यालयलाई दिंइदै आएको अनुदान रकममा तोकिए बमोजिम कटौती गर्न सकिनेछ।

३) सामुदायिक विद्यालयहरुलाई तोकिए बमोजिम अनुदान उपलब्ध गराउन सक्नेछ।

४) नगरपालिकाले प्रारम्भिक बाल विकास केन्द्रलाई तोकिए बमोजिमको अनुदान दिन सक्नेछ।

**५७. बजेट तयार गर्ने :** प्रधानाध्यापकले प्रत्येक वर्षको आषाढ मसान्तभित्र आगामी वर्षको बजेट तयार गरी व्यवस्थापन समितिबाट स्वीकृत गराई त्यसको एक प्रति शिक्षा शाखामा पेश गर्नुपर्नेछ।

**५८. लेखा व्यवस्थापन :** १) सबै विद्यालयहरुले प्रचलित कानून अनुसारको ढाँचामा आय व्ययको लेखा व्यवस्थापन गर्नुपर्नेछ।

२) नियमित कारोबारको लेखा राख्ने बेग्लै व्यवस्था गरी कुनै कर्मचारी वा शिक्षकलाई जिम्मेवारी दिनु पर्नेछ।

**५९.सामुदायिक विद्यालयको खाता संचालन :** १) विद्यालयले आर्थिक कारोबार गर्दा नगरपालिका क्षेत्र भित्रको बैंक मार्फत गर्नुपर्नेछ।

२) विद्यालयको खाता सञ्चालन माध्यमिक विद्यालयमा प्रधानाध्यापक र लेखा हेर्ने कर्मचारी र आधारभूत विद्यालयमा प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिका अध्यक्षको संयुक्त दस्तखतबाट सञ्चालन गर्नुपर्नेछ।

**६०. लेखा परीक्षण तथा सामाजिक परीक्षण :** १) सबै विद्यालयहरुले नियमित रुपमा आर्थिक वर्ष समाप्त भएको ६ महिना भित्र नगरपालिकाले तोकेको लेखा परीक्षकबाट लेखा परीक्षण गराउनु पर्नेछ।

२) लेखा परीक्षण प्रतिवेदन लेखा परीक्षण समाप्त भएको १५ दिन भित्र नगर शिक्षा समिति मार्फत नगरपालिकामा पेश गर्नुपर्नेछ।

३) प्रत्येक वर्ष विद्यालयले सामाजिक परीक्षण भाद्र मसान्तभित्र सम्पन्न गरी विद्यालयको आयव्यय, शैक्षिक उपलब्धि, विद्यालयको आन्तरिक गतिविधि पारदर्शिता तथा जवाफदेहिताको अवस्था र आगामी कार्ययोजना सामाजिक परीक्षण मार्फत सार्वजनिक तथा अनुमोदन गर्नु पर्नेछ।

## परिच्छेद १४

## छात्रवृत्ति, नि:शुल्क शिक्षा र अनिवार्य रुपमा बालबालिकालाई विद्यालय पठाउनु पर्ने सम्बन्धी व्यवस्था

**६१. छात्रवृत्ति र नि:शुल्क शिक्षा :** १) संस्थागत विद्यालयहरुले आफ्नो विद्यालयमा पढ्ने र पढ्न चाहने बालबालिकाहरुलाई नेपाल सरकार र माइ नगरपालिकाले तोकेको मापदण्ड र प्रक्रियाका

आधारमा अनिवार्य रुपमा छात्रवृत्ति तथा निःशुल्क पढ्ने सुविधा उपलब्ध गराउनु पर्नेछ।

२) उपदफा (१) बमोजिम छात्रवृत्ति तथा निःशुल्क शिक्षा उपलब्ध नगराउने संस्थागत विद्यालयलाई तोकिए अनुसारको कारबाही हुनेछ।

३) संस्थागत विद्यालयले नेपाल सरकार र नगरपालिकाले तोके बमोजिमको मात्र शुल्क लिई शिक्षा उपलब्ध गराउनु पर्नेछ।

**६२. छात्रवृत्तिको व्यवस्था गर्न सक्ने :** १) नगरपालिकाले विद्यालयमा भर्ना हुने विद्यार्थीलाई स्थानीय शिक्षा विकास कोषबाट तोकिए बमोजिम छात्रवृत्तिको व्यवस्था गर्न सक्नेछ।

२) नगरपालिकाले प्राविधिक धारमा अध्ययन गर्ने गरिब तथा जेहेन्दार विद्यार्थीलाई शैक्षिक छात्रवृत्ति प्रदान गर्न सक्नेछ।

**६३. अनिवार्य रुपमा बालबालिकालाई विद्यालय पठाउनु पर्ने :** १) नगरपालिका क्षेत्रभित्रका ४ वर्ष उमेर पुगेका बालबालिकालाई प्रारम्भिक बाल शिक्षा केन्द्र तथा विद्यालयमा अभिभावकले अनिवार्य पठाउनु पर्नेछ।

२) उपदफा (१) बमोजिमको व्यवस्था विपरीत बालबालिकालाई विद्यालय नपठाउने अभिभावक पहिचान गरी नगरपालिकाले प्रवाह गर्ने सुविधा आंशिक वा पूरै समेत रोक्का गर्न सक्नेछ।

३) बालबालिकाको अभिभावक नभएमा वा अशक्त र असक्षम भएको ठहरेमा वा देखिएमा त्यस्ता बालबालिकाको हकमा नगरपालिका स्वयंले अभिभावकत्व बहन गर्न सक्नेछ।

४) उपदफा (१), (२) ,(३) बाहेक अन्य व्यवस्था तोके बमोजिम हुनेछ।

**६४. शुल्क सम्बन्धी व्यवस्था :** १) नेपाल सरकारले निःशुल्क शिक्षा घोषणा गरेको विद्यालय शिक्षाका लागि सामुदायिक विद्यालयले विद्यार्थीको नाममा कुनै किसिमको शुल्क लिन पाउने छैन।

२) निःशुल्क शिक्षा घोषणा गरेको विद्यालय शिक्षा बाहेकको अन्य विद्यालय शिक्षामा अध्ययन गर्ने विद्यार्थीसँग लिइने शुल्क तोकिएको आधारमा निर्धारण गरिनेछ।

३) विद्यालयले विद्यार्थीलाई कुनै कक्षामा भर्ना गर्दा एक पटक भर्ना शुल्क लिइसकेपछि पुन: सोही विद्यालयको अर्को कक्षामा भर्ना गर्नको लागि भर्ना शुल्क लिन पाउने छैन।

४) विद्यालयले भौतिक संरचना निर्माण गर्नको लागि विद्यार्थीसँग कुनै किसिमको शुल्क लिन पाउने छैन। तर अभिभावकबाट प्राप्त हुने दान दातव्य तथा सहयोग विद्यालयले प्राप्त गर्न सक्नेछ।

५) संस्थागत विद्यालयले विद्यार्थीसँग लिन पाउने शुल्क तोकिएको अधिकारीबाट स्वीकृत गराई निर्धारण गर्नु पर्नेछ। त्यसरी शुल्क निर्धारण सम्बन्धमा स्वीकृति दिँदा विद्यालयले उपलब्ध गराएका सुविधाहरुलाई आधार लिइने छ।

**६५. विद्यालयलाई छुट र सुविधा :** १) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएतापनि सामुदायिक विद्यालय र शैक्षिक गुठीको रुपमा सञ्चालित संस्थागत विद्यालयको नाममा कुनै लिखत पारित गर्दा लाग्ने दस्तुर छुट गर्न सक्नेछ।

२) उपदफा (१) मा लेखिएदेखि बाहेक अन्य विद्यालयको नाममा कुनै लिखत पारित गर्दा नेपाल सरकारले तोकिएको आधारमा रजिष्ट्रेशन दस्तुर छुट दिन सक्नेछ।

३) सामुदायिक विद्यालय र शैक्षिक गुठीको रुपमा सञ्चालित संस्थागत विद्यालयलाई दिइने अन्य छुट र सुविधा तोकिए बमोजिम हुनेछ।

## परिच्छेद १५

## विविध

**६६. प्राविधिक तथा व्यावसायिक शिक्षा अध्यापन गराउन सकिने** : १) नगरपालिका क्षेत्रमा सञ्चालित सामुदायिक विद्यालयमा प्राविधिक तथा व्यवसायिक शिक्षाका निर्धारित विषय अध्यापन गराउन सकिने छ।

२) उपदफा (१) बमोजिमको विद्यालयको सञ्चालनका लागि नगरपालिकाले सम्भाव्यता अध्ययन, विद्यालयलाई थप सुविधा प्रदान र आवश्यक स्रोत पहिचान र परिचालन गर्न सक्नेछ।

**६७. नगरपालिका तथा शिक्षा समितिले निर्देशन दिन सक्ने :** १) नगरपालिका र सो अन्तर्गत रहेको शिक्षा समितिले तोकिएको क्षेत्रसँग सम्बन्धीत विषयमा आवश्यक निर्देशनहरु विद्यालय व्यवस्थापन समितिलाई दिन सक्नेछ।

२) उपदफा (१) बमोजिम दिइएको निर्देशनको पालना गर्नु विद्यालय व्यवस्थापन समितिको कर्तव्य हुनेछ।

**६८. शैक्षिक परामर्श सेवा, विदेशी शैक्षिक कार्यक्रम वा शिक्षण कोर्स सञ्चालन :** १) कसैले पनि यस ऐन बमोजिम अनुमति नलिइ शैक्षिक परामर्श सेवा, ब्रिज कोर्स, भाषा शिक्षण कक्षा वा पूर्व तयारी कक्षा जस्ता शैक्षिक कार्यक्रम सञ्चालन गर्न पाउने छैन।

२) उपदफा (१) बमोजिम शैक्षिक कार्यक्रम, शैक्षिक परामर्श सेवा, ब्रिज कोर्स, भाषा शिक्षण कक्षा वा पूर्व तयारी कक्षाको अनुमति लिने सम्बन्धी व्यवस्था नगर शिक्षा समितिले तोके बमोजिम हुनेछ।

**६९. प्रगति विवरण बुझाउनु पर्ने :** संस्थागत विद्यालयले प्रत्येक वर्ष तोकिए बमोजिमका विवरण सहितको प्रगति विवरण नगरपालिकाको शिक्षा समितिमा वा कार्यालयमा बुझाउनु पर्नेछ।

**७०. स्थानीय शिक्षा विकास कोष :** १) नगरपालिकाले आफ्नो क्षेत्रभित्रका विद्यालय तथा नगरभित्र बसोबास गर्ने अति विपन्न, प्राकृतिक प्रकोप पीडित, असक्त र असहाय बालबालिकाको शैक्षिक अवसर बृद्धि गर्न तथा उत्कृष्ट विद्यार्थी, शिक्षक, कर्मचारी वा शिक्षाप्रेमीलाई पुरस्कृत गर्न शिक्षा विकास कोष स्थापना गर्न सक्नेछ। कोषको सञ्चालन तथा व्यवस्थापन तोकिए बमोजिम हुनेछ।

**७१. शैक्षिक संवाद समिति रहन सक्ने :** माई नगरपालिकाको शैक्षिक तथा अन्य गतिविधि सम्बन्धी कार्य गर्न तोकिए बमोजिमको शैक्षिक संवाद समिति रहन सक्ने छ।

**७२. शिक्षक महासंघ :** सामुदायिक विद्यालयका शिक्षकहरुको पेशागत हकहितका सम्बन्धमा कार्य गर्न तोकिए बमोजिमको एक नगर शिक्षक महासंघ रहनेछ।

## परिच्छेद १६

## विद्यालयको चिन्ह, नामाकरण तथा अन्य व्यवस्था

**७३. विद्यालयको चिन्ह र नामकरण :** विद्यालयको चिन्ह षट्कोण हुनेछ । प्रत्येक विद्यालयको व्यवस्थापन समितिले निर्णय गरी षट्कोणको बिचमा आफ्नो आफ्नो विद्यालयको छुट्टै चिन्ह राख्न र विद्यालयको नाम परिवर्तन गर्न समेत सक्नेछन् । तर सो कार्यका लागि संघीय कानून र प्रादेशिक कानूनले निर्धारण गरेको प्रक्रिया बमोजिम हुनेछ ।

**७४. दण्ड सजाय :** कसैले विद्यालयको सम्पत्ति हिनामिना वा नोक्सान गरेमा प्रचलित कानून बमोजिम दण्ड सजाय हुनेछ ।

**७५. पुनरावेदन :** तोकिएको अधिकारीले गरेको सजायको आदेश उपर प्रचलित कानून बमोजिम पुनरावेदन लाग्नेछ ।

**७६. नियम बनाउने अधिकार :** यस ऐनको उद्देश्य कार्यान्वयन गर्न नगरपालिकाले आवश्यक नियम बनाउन सक्नेछ ।

**७७. संक्रमणकालीन व्यवस्था :** यस ऐनमा तोकिए बमोजिम हुने भनी व्यवस्था गरेको काम नियमावली नआउँदासम्म नगरपालिकाले गर्न सक्नेछ ।

**७८. बाधा अडकाउ फुकाउने अधिकार :** यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कुनै बाधा अड्काउ परेमा नगर कार्यपालिकाले त्यस्तो बाधा अड्काउ हटाउन आदेश जारी गर्न सक्नेछ । त्यसरी कार्यपालिकाले गरेको त्यस्तो आदेश नगरसभाले ६ महिनाभित्रमा अनुमोदन नगरेमा स्वत निष्कृय हुनेछ । तर यो ऐन जारी भए पश्चात यस ऐनमा आवश्यक संशोधन गर्नुपर्ने भएमा नगरसभाद्वारा संशोधन गर्न सकिनेछ ।

**७९. बचाउ र लागु नहुने :** १) यस ऐनमा लेखिएको कुरामा यसै ऐन बमोजिम र अन्य कुरामा प्रचलित कानून बमोजिम हुनेछ

२) नगरपालिकाबाट यस अघि शिक्षा सम्बन्धी भए गरेका कार्यहरु यसै ऐन बमोजिम भए गरेका मानिनेछ ।

४) यस ऐनमा लेखिएका कुरा संघीय तथा प्रादेशिक ऐनसँग बाझिएमा सो बाझिएको हदसम्म स्वत : निष्क्रिय हुनेछ ।

५) यस ऐनमा लेखिएको कुनै कुराले पनि विद्यालयको सम्पत्ति हिना मिनाहा गरेको कसुरमा प्रचलित भ्रष्टाचार निवारण सम्बन्धी ऐन अन्तर्गत कारबाही चलाउन बाधा पर्ने छैन ।

आज्ञाले ,

नाम विष्णु कुमार थेगुवा

प्रमुख प्रशासकीय अधिकृत`11